# प्रेस विज्ञप्ति- ३२९

# Press Release- 329

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।०२।३२ गते।

## अवैध लागु औषध कारोबार गर्ने बिदेशी सहित ११ जना मानिसहरु पक्राउ

**काठमाण्डौ उपत्यकाका बिभिन्न स्थानमा लागु औषध कारोवार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा यस व्यूरोबाट व्यापक मात्रामा प्रहरी टोली परिचालन गरी मिति २०८०/०२/२५ गते देखि हाल सम्म संचालन गरिएको कारवाहीमा निम्नानुसारका अवैध लागु औषध कारोबार गर्ने ब्यक्तिहरुलाई लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको।**

- मिति २०८०।०२।२८ गते अबैध लागु औषधको कारोवार हुंदैछ भन्ने बिशेष सुचनाको आधारमा यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले शंकास्पद लागु औषध कारोवार गर्ने ब्यक्तिलाई पछयाउदै जाने क्रममा का.जि.का.म.न.पा. ९ शम्भुमार्गमा रहेको मोरङ बेलबारी गेष्ट हाउस स्थितमा भारतीय नागरीक बर्ष २६ को हेमन्त कुमार भगतलाई **लागु औषध खैरो हेरोईन १०० ग्राम** सहित फेला पारी पक्राउ गर्न खोज्दा प्रहरी टोलीमाथी आक्रमण गरी भाग्न खोज्ने क्रममा जवाफि कारवाही गर्दा निजको बायां खुट्टाको घुंडामुनि एक राउण्ड गोली लाग्न गई घाइते भएकोले मनमोहन कार्डियोथोरासीस भास्कुलर ट्रिट्मेन्ट सेन्टर महाराजगंजमा प्रहरी निग्रानीमा उपचार भै रहेको।

- मिति २०८०।०२।२९ गते अन्दाजी ०५:४५ बजेको समयमा टर्किस एयरको फ्लाईट नम्बर TK727 द्वारा काठमाण्डौबाट स्तानवुल हुदै जर्मन प्रस्थान गर्न लागेका जर्मन नागरीक बर्ष ६३ को PAUL WERST ले साथमा लिई आएको लगेजहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको प्रस्थान होल्ड ब्यागेज एरियाको X-Ray B1, X-Ray Machine मा Screening गर्ने क्रममा उक्त ब्यागेजहरूलाई खोली चेक जाँच गर्दा ब्यागेज भित्रबाट **लागु औषध चरेश ६ किलो ८६० ग्राम** सहित पक्राउ गरी थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०२।२६ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौं,का.म.न.पा.वडा न-२६ नयाँबसपार्कबाट भारत झब्रितला ललालपुर माल्दा- ७३२२०६ पश्चिम बंगाल ठेगाना भएका भारतीय नागरीक बर्ष ३६ को मोहमद् सबिउल इसलामलाई फेला पारी निजको शरीर खानतलासी गर्दा निजको साथबाट नगद रू.६८०००/- बरामद भएको साथै **लागु औषध खैरो हेरोईन ५२ ग्राम** फेला पारी उक्त लागु औषध कारोबारमा संलग्न निम्न व्यक्तिहरु पक्राउ परेको।

    १. जिल्ला रामेछाप, मन्थली न.पा. वडा नं. २ ठेगाना भएका बर्ष २४ को सम्जु बिसुंके।
    २. जिल्ला सिन्धुपाल्चोक, मेलम्ची न.पा. वडा नं. ७ ठेगाना भएका बर्ष २६ को आशिष अधिकारी।
    ३. जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. ७ ठेगाना भएका बर्ष ३४ को रबिन्द्र के.सी.।

- मिति २०८०।०२।२५ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ८ गौरीघाट स्थित डेराकोठाबाट जिल्ला गोरखा सिरानचोक गा.पा. वडा नं. २ ठेगाना भएका बर्ष २६ को रामचन्द्र कुँवरलाई **लागु औषध खैरो हेरोईन ९.३ ग्राम** समेतका चिजवस्तुहरु फेला पारी उक्त लागु औषध कारोबारमा संलग्न जिल्ला चितवन राप्ती न.पा. वडा नं. ६ ठेगाना भएका बर्ष ४२ को खोम बहादुर धितालालाई मिति २०८०।०२।२६ गते जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. वडा नं. १ बाट पक्राउ गरी निजहरु रामचन्द्र कुँवर र खोम बहादुर धिताल उपर यस कार्यालयबाट लागु औषध मुद्दामा म्याद थप गरी अनुसन्धान भईरहेको।

➢ मिति २०८०।०२।२६ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौं,का.म.न.पा.वडा नं.३२ कोटेश्वर स्थित एक रेस्टुरेन्टबाट जिल्ला सप्तरी, शम्भुनाथ न.पा.- ८ ठेगाना भएका वर्ष ३४ को श्री प्रसाद साह र ऐ.ऐ ठेगाना भै वर्ष ३४ की प्रमिला देवी साहको साथबाट नियन्त्रित लागु औषध बुप्रेनोर्फिन(नुफिन) ४५५ एम्पुल, डाईजेपाम ४६५ एम्पुल र फेनारगन ४९८ एम्पुल गरी **जम्मा १४१८ एम्पुल** बरामद गरी यस कार्यालयबाट लागु औषध मुद्दामा म्याद थप गरी अनुसन्धान भईरहेको ।

➢ मिति २०८०।०२।२८ गते ला.औ.नि. ब्यूरो, कोटेश्वरबाट थानकोटमा खटिएको प्रहरी टोलीले जि.काठमाण्डौ, चन्द्रागिरी न.पा. वडा नं. २ नागढुंङ्गाबाट जिल्ला सिन्धुपाल्चोक, हेलम्बु गा.पा. वडा नं. ३ बस्ने बर्ष ३० को निराजन लामिछामेको साथबाट **अवैध लागु औषध खैरो हेरोईन १६ ग्राम ५० मिलिग्राम** सहित पक्राउ गरी प्रहरी वृत थानकोटमा थप अनुसन्धान भई रहेको ।










**प्रवक्ता/ सूचना अधिकारी**
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३